# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### मेनेजेवल स्वीच खरिद गर्ने बारेको
### सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/०७/१३ )

बोलपत्र नं :- "GSD/MSWITCH/ST/01/73/74"

आर्थिक बर्ष २०७३/७४ मा यस बैंकको लागि आवश्यक मेनेजेवल स्वीचहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गरेका इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि ३० औं दिनको (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) १:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटार र बैंकिङ्ग कार्यालय, थापाथलीबाट पछि फिर्ता नहुने गरी रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) तिरी खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आँउदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३. बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले निम्नानुसारका सामान आपूर्ति गर्नको लागि बोलपत्र पेश गर्नुपर्नेछ । विस्तृत विवरण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको छ ।

| क्र.सं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | लेयर २ मेनेजेवल २४ पोर्ट स्वीच | ८० थान |
| २. | लेयर ३ मेनेजेवल २४ पोर्ट स्वीच | ५ थान |

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन (सो दिन विदा परेमा त्यसलगत्तै कार्यालय खुलेको दिन) अपरान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ । सोहि दिन दिउंसो २:३० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको नमानिने) बोलपत्र खोलिनेछ ।

५. बोलपत्र फारामका साथ जमानत वापतको रकम रु. ३,००,०००।- यस बैंकको थापाथलीस्थित खाता नं ११०९९०१/०११-०००-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ ।

६. बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नुपर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैक खरिद विनियमावली, २०७१ (संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

यो सूचना बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

**सामान्य सेवा विभाग**
**वालुवाटार, काठमाडौं ।**